# प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयक

**प्रस्तावना**: प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई संशोधन गर्न बाञ्छनीय भएकोले,

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "प्रदेश लोक सेवा आयोग (पहिलो संशोधन) ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **प्रदेश लोक सेवा आयोग ऐन, २०७५ को दफा २ मा संशोधन:** प्रदेश लोक सेवा आयोग ऐन, २०७५ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड "(घ)"पछिको खण्ड"(च)" लाई खण्ड"(ङ)"र खण्ड "(ञ)"पछिको खण्ड"(ठ)" लाई खण्ड"(ट)"बनाई सोही अनुरुप अरु खण्ड क्रम मिलाइएका छन् ।

३. **मूल ऐनको दफा ३ मा संशोधन:** मूल ऐनको दफा ३ को उपदफा (७) मा रहेका "कुनै सरकारी सेवामा रहेका" भन्ने शब्दहरु झिकी सोको सट्टा "निजामति सेवामा रही कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणी वा एघारौं तहबाट सेवा निवृत्त भएका" भन्ने शब्दहरु राखिएका छन् ।

४. **मूल ऐनको दफा ७ मा संशोधन:** मूल ऐनको दफा ७ झिकी त्यसपछिका अन्य दफाहरुको क्रम मिलाइएको छ।

५. **मूल ऐनको दफा २० मा संशोधन:** मूल ऐनको दफा २० मा उपदफा (५) पछि उपदफा (७) भइ क्रम नमिलेकोले उपदफा "(७)" लाई उपदफा "(६)" बनाइएको छ।

६. **मूल ऐनको दफा ४६ मा संशोधन:** मूल ऐनको दफा ४६ मा रहेका "सहायक स्तरका पदमा" भन्ने शब्दहरु हटाइएका छन् ।

७. **मूल ऐनको दफा ५३ मा संशोधन:** मूल ऐनको दफा ५३ को उपदफा (२)मा रहेका "उपदफा (२)" भन्ने शब्द र अङ्कको सट्टा "उपदफा (१)" भन्ने शब्द र अङ्क राखिएका छन् ।

८. **मूल ऐनको दफा ६६ मा संशोधन:** मूल ऐनको दफा ६६ मा रहेको " सरकारी मुद्दासम्बन्धी ऐन, २०४९को अनुसूची -१" भन्ने शब्दहरु र अङ्कहरुको सट्टा "मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४"भन्ने शब्दहरु र अङ्कहरु राखिएका छन्।